दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३६ | अंक १९३ | बुटवल | २०८१ असार २६, गते बुधबार | नेपाल संवत ११४४ | Wednesday July 10, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौ
तपाईंको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक सिमलरबन
बैंकको साइड (सूर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५६२५०१

नक्कली लाइसेन्स प्रकरण

बुटवल यातायातका प्रमुखसहित १५ जना विरुद्ध मुद्दा दायर

पैसा असुलेर नक्कली लाइसेन्स दिएका यातायात व्यवस्था कार्यालय लाइसेन्स शाखा बुटवलका पूर्व प्रमुख केशव अर्यालसहित १५ जनाविरुद्ध मुद्दा दायर भएको छ । नक्कली लाइसेन्समा अझैं धेरै कर्मचारीहरूका बारेमा अनुसन्धान भइरहेको अनुसन्धानमा संलग्न प्रहरी अधिकारीहरूले बताएका छन् ।

लुम्बिनी संवाददाता
बुटवल

नक्कली लाइसेन्स वितरण गरेर पैसा असुलेका यातायात व्यवस्था कार्यालय बुटवलका पूर्वप्रमुख केशव अर्यालसहित १५ जनाविरुद्ध मुद्दा दायर भएको छ । १५ मध्ये अर्यालसहित ६ जनाविरुद्ध मंगलबार मुद्दा दायर भएको हो । एक महिनाअघि पक्राउ परेका अर्याल हाल लुम्बिनी प्रदेशस्थित वन तथा वातावरण मन्त्रालयमा कार्यरत थिए । त्यसैगरी, मुद्दा दायर हुनेमा अहिले यातायात व्यवस्था कार्यालय चितवनमा कार्यरत सहायक कम्प्युटर अपरेटर राजेश लम्साल, जनकपुरमा कार्यरत सहायक कम्प्युटर अपरेटर दिलीपकुमार शाह, यातायात व्यवस्था कार्यालय नवलपरासी पश्चिममा कार्यरत कम्प्युटर अधिकृत पदमराज आचार्य र बुटवल यातायातमा कार्यरत अधिकृत सुवास पौडेल हुन् । अर्याल २०७७ देखि २०८० सम्म यातायात व्यवस्था कार्यालय बुटवलमा दुईपल्ट कार्यालय प्रमुख थिए । अर्यालको खातामा भेटिएको स्रोत नखुलेको दुई करोड रुपैयाँका बारेमा पनि छुट्टै अनुसन्धान अघि बढेको छ । अर्यालयको कम्प्युटरको पासवर्ड र युजर प्रयोग गर्ने कम्प्युटर अधिकृत आचार्यले उनको खातामा पैसा जम्मा गरेको पाइएको छ ।

त्यसैगरी कम्प्युटर अपरेटर नारायण पाण्डेलाई अदालत मुद्दा दायर भएपछि ५ लाख धरौटीमा छुटेका छन् । अदालतले ५ लाख धरौटी बुझाई तारेखमा छाड्ने निर्णय गरेपछि उनी छुटेका हुन् । मुद्दा दायर भएका कम्प्युटर अपरेटर लक्ष्मण पाण्डे र ज्ञानराज पाण्डे फरार छन् । नारायण, ज्ञानराज र लक्ष्मण तीन जना करार कर्मचारी हुन् । मुद्दा दायर भएका अन्य कर्मचारीमा यातायात व्यवस्था कार्यालय कावासोती नवलपरासीका तत्कालीन कम्प्युटर अधिकृत रामकृष्ण श्रेष्ठ, यातायात व्यवस्था कार्यालय कास्कीका कम्प्युटर अपरेटर विनोद भण्डारी, यातायात व्यवस्था कार्यालय झापाका कम्प्युटर अपरेटर विवेक भण्डारी हुन् । पैसा असुलेर लाइसेन्स वितरण भएको गुनासो बढिरहेको बेला प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले अनुसन्धान गरी जिल्ला सरकारी वकिलको कार्यालय काठमाडौंमा अनुसन्धान प्रतिवेदन बुझाएको थियो । उनीहरूले कार्यालयबाट गलत तथ्याङ्क इन्ट्री गरेर फर्जी लाइसेन्स वितरण गरेको भेटिएको केन्द्रीय अनुसन्धान ब्युरो सीआइबीका प्रवक्ता हाकिन्द्र बोगटीले जानकारी दिए । २०७२ बाट सुरु गरिएको इडिभिएलआरएस 'इलेक्ट्रिक ड्राइभिङ लाइसेन्स एन्ड भेहिकल रजिस्ट्रेसन सिस्टम' मा कर्मचारीहरूले गलत तथ्याङ्क इन्ट्री गरेर स्मार्ट लाइसेन्स वितरणमा बदमासी गरेको भेटिएको अनुसन्धानका क्रममा खुलेको उनको भनाइ छ ।

» बाँकी ३ पेजमा

लुम्बिनीको विकास खर्च निरन्तर ओरालो

आचार्य प्रदीप
बुटवल

लुम्बिनी प्रदेश सरकारले वार्षिक रुपमा गर्ने खर्च प्रत्येक वर्ष ओरालो लागिरहेको छ । प्रदेश सरकारहरूले सोचेअनुसारको राजस्व संकलन गर्न नसक्नु तथा संकलन गरेको राजस्व समेत व्यवस्थित तरिकाले प्रयोग गर्न नसक्दा बजेट फ्रिज हुने अवस्था आइरहेको छ ।

प्रदेश सरकारले गर्ने खर्च व्यवस्थापन गर्ने प्रदेश लेखा नियन्त्रक कार्यालय लुम्बिनी दाङले दिएको जानकारीअनुसार पछिल्ला वर्षहरुमा लुम्बिनी प्रदेश सरकारको बजेट खर्चको रकम घटिरहेको छ ।

प्रतिशतको रुपमा हेर्ने हो भने आर्थिक वर्ष २०७७/०७८ वर्षदेखी आर्थिक वर्ष २०८०/८१ सम्मको तथ्यांक हेर्दा बजेट खर्चको रकम निरन्तर ओरालो लागिरहेको हो । आर्थिक वर्ष २०७७/०७८ मा कुल बजेटको ८१.९९ प्रतिशत बजेट खर्च भएको थियो । यो लुम्बिनी प्रदेश सरकारको बजेट खर्चको इतिहासमै पहिलो रेकर्ड बनेको तथ्यांक प्रदेश लेखा नियन्त्रक कार्यालय लुम्बिनीसँग रहेको छ ।

प्रदेश लेखा नियन्त्रक कार्यालय लुम्बिनीका प्रदेश लेखा नियन्त्रक दीपक ज्ञवालीका अनुसार लुम्बिनीमा आर्थिक वर्ष २०७४/७५ मा १८.७० प्रतिशत, आर्थिक वर्ष २०७५/७६ मा ६०.६४ हुँदै आर्थिक वर्ष २०७६/७७ मा ६९.७७ प्रतिशत बजेट खर्च भएको थियो । आर्थिक वर्ष २०७४/७५ देखि आर्थिक वर्ष २०७७/०७८ सम्म बढेको बजेट त्यसयता निरन्तर घटिरहेको छ । आर्थिक वर्ष २०७८/०७९ मा ६९.९९ प्रतिशत खर्च भएकोमा गत आर्थिक वर्ष २०७९/०८० मा ७० प्रतिशत बजेट खर्च भएको थियो । चालु आर्थिक वर्षमा ६६ प्रतिशत बजेट खर्च भएको ज्ञवालीले जानकारी दिए ।

आर्थिक वर्ष २०८०/८१को लागि प्रदेश सरकारले ल्याएको ४० अर्ब ४७ करोड ९७ लाखको बजेटमध्येबाट २६ अर्ब ७७ करोड ३५ लाख ११ हजार २ सय ३ रुपैयाँ मात्रै खर्च भएको प्रदेश लेखा नियन्त्रक कार्यालय लुम्बिनीका प्रदेश लेखा नियन्त्रक ज्ञवालीले जानकारी दिए । उनले गतवर्षको तुलनामा यो वर्ष खर्च नभएको बताए ।

यस्तो छ मन्त्रालयगत खर्च

प्रदेश लेखा नियन्त्रक कार्यालय लुम्बिनीका अनुसार लुम्बिनीका मन्त्रालयमध्ये सबैभन्दा धेरै खानेपानी ग्रामीण तथा शहरी विकास मन्त्रालयले खर्च गरेको देखिएको छ भने सबैभन्दा मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले सबैभन्दा कम खर्च गरेको छ ।

खानेपानी ग्रामीण तथा शहरी विकास मन्त्रालयमा विनियोजन भएको कुल ५ अर्ब ९५ करोड ६९ लाख ५२ हजार बजेट मध्यबाट ४ अर्ब ६० करोड ५७ लाख ४ हजार ६ सय ५ रुपैयाँ खर्च भएको छ । जुन कुल बजेटको ७७.४ प्रतिशत हुन आउँछ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा विनियोजित १ अर्ब ५९ करोड ७७ लाख ७२ हजार बजेटमध्ये २७ करोड ६७ लाख १७ हजार रुपैयाँ मात्रै खर्च गरेको छ । जुन १६.६९ प्रतिशत हो । यस्तै उद्योग पर्यटन तथा वातावरण व्यवस्था मन्त्रालयलले ४७.१० प्रतिशत बजेट खर्च भएको कार्यालयले जनाएको छ । यस मन्त्रालयमा विनियोजित १ अर्ब ५२ करोड ९७ लाख ७३ हजार मध्ये ७२ करोड ५ लाख ५८ हजार रकम खर्च भएको छ ।

लुम्बिनी प्रदेशका मन्त्रालयहरुमा सबैभन्दा धेरै बजेट भएको भौतिक पूर्वाधार मन्त्रालयले ७० प्रतिशत बजेट खर्च गरेको छ । यहाँ छुट्याइएको १३ अर्ब ७७ करोड ८८ लाख ५४ हजारमध्ये ९ अर्ब ६५ करोड ३५ लाख ६६ हजार ६ सय ८० रुपैयाँ खर्च भएको छ । यस्तै स्वास्थ्य मन्त्रालयले विनियोजित रकमको ७३.४९ प्रतिशत बजेट खर्च गरेको छ । यस मन्त्रालयको लागि छुट्याइएको ४ अर्ब ४३ करोड ४४ लाख २ हजारमध्ये ३ अर्ब २५ करोड ८९ लाख १७ हजार ४ सय ८५ रुपैयाँ खर्च भएको कार्यालयले जाएको छ । वन तथा वातावरण मन्त्रालयले ६२.७९ प्रतिशत बजेट खर्च गरेको छ । यहाँ विनियोजित २ अर्ब ७ करोड २७ लाख १७ हजार रकममध्ये १ अर्ब ३० करोड १५ लाख ४५ हजार रुपैयाँ खर्च भएको छ । यस्तै कृषि तथा भूमि व्यवस्था मन्त्रालयले ६२.७४ प्रतिशत बजेट खर्च गरेको छ । मन्त्रालयमा विनियोजित १ अर्ब ९५ करोड ९२ लाख ५० हजारमध्ये १ अर्ब २२ करोड ९१ लाख ८१ हजार रुपैयाँ खर्च भएको प्रदेश लेखा नियन्त्रक कार्यालय लुम्बिनीका प्रदेश लेखा नियन्त्रक ज्ञवालीले जानकारी दिए ।

गृह मन्त्रालयले ६२.१० प्रतिशत बजेट खर्च गरेको छ । कार्यालयका अनुसार यस मन्त्रालयमा विनियोजित ६७ करोड ३८ लाख ६५ हजार मध्य ४१ करोड ८४ लाख ८७ हजार रुपैयाँ खर्च भएको छ ।

यस्तै सामाजिक विकास मन्त्रालयले ६४.३९ प्रतिशत बजेट खर्च गरेको छ । यहाँ विनियोजित २ अर्ब ८८ करोड ७७ लाख ५० हजारमध्ये १ अर्ब ५७ करोड ६ लाख २८ हजार रुपैयाँ खर्च भएको कार्यालयले जनाएको छ । अर्थ मन्त्रालयले ५० प्रतिशत खर्च गरेको छ । यहाँ विनियोजित १३ करोड बजेटमध्येबाट ६ करोड ५१ लाख ३५ हजार रकम खर्च भएको छ । लुम्बिनी प्रदेशसभाले विनियोजित बजेटको ६६.३४ प्रतिशत खर्च गरेको छ । ३३ करोड ८८ लाख ३८ हजार बजेटमध्ये २२ करोड ४७ लाख ७५ हजार खर्च भएको छ ।

यस्तै प्रदेश लोकसेवा आयोगले ६९.५३ प्रतिशत रकम बजेट खर्च गरेको छ । १० करोड विनियोजन भएकोमा ६ करोड ९५ लाख ३२ हजार खर्च भएको छ । यस्तै प्रदेश योजना आयोगले करिब ४२ प्रतिशत बजेट खर्च गरेको छ । आयोगलाई छुट्याइएको ३ करोड ९२ लाख २७ हजारमध्ये १ करोड ६४ लाख ६२ हजार रुपैयाँ खर्च गरेको छ ।

असारमा मात्रै १८ प्रतिशत बढी खर्च

प्रदेश लेखा नियन्त्रक कार्यालय लुम्बिनीका अनुसार लुम्बिनी प्रदेशमा असार महिनाको २४ दिनमा १८ दशमलव ६२ प्रतिशत बजेट खर्च भएको जनाएको छ । कार्यालयका अनुसार जेठ मसान्तसम्म १९ अर्ब २३ करोड ५७ लाख ६३ हजार खर्च भएकोमा असारको २४ गतेसम्म ७ खर्ब ५३ करोड ७७ लाख ४७ हजार खर्च भएको छ ।

प्रदेश सञ्चिति कोष रित्तिदा दुई दिन अघाबै रोकियो भुक्तानी

लुम्बिनी प्रदेश सरकारको सञ्चिति कोषमा आय रकम न्यून हुन थालेपछि प्रदेश लेखा नियन्त्रक कार्यालय लुम्बिनीले २४ र २५ गते दुई दिन रकम भुक्तान रोकेको थियो । कार्यालयले भुक्तानी रोक्दा निर्माण सम्पन्न गरेका व्यवसायीहरुले भुक्तानी नपाएको भन्दै आक्रोशित बनेका थिए । कार्यालय प्रमुख ज्ञवालीले भने प्रदेशमा सञ्चिति कोषमा रकम कम भएपछि भुक्तानी रोक्नको लागि परिपत्र गरिएको बताए । उनले यदि यो अन्तिम दुई दिनमा बजेट नरोकिएको भएमा ७० प्रतिशत हाराहारीमा बजेट खर्च हुने अपेक्षा गरिएको जनाए ।

हचुवाको भरमा बजेट ल्याउँदा हुँदैन खर्च

बजेट तर्जुमा गर्ने बेलामा जनताको आवश्यकताको पहिचान नगरी हचुवाको भरमा परियोजनाहरू छनोट गर्ने र असारे विकासको परम्पराले लुम्बिनी प्रदेश मात्रै नभई सबै क्षेत्रको बजेट खर्चको अवस्था एउटै भएको अर्थ विश्लेषक मनिकर कार्की बताउँछन् ।

» बाँकी ३ पेजमा

व्यवसायिक कृषिमा रमाउँदै बस्नेत

राधिका भुसाल
प्यूठान

मध्यम वर्गीय समुदायका व्यक्तिहरुको रोजाइ नै कति रोजगारीमा जोडिने हुन्छ, तर प्यूठानमा एक युवाले अधिकृतस्तरको जागिर छाडेर एकिकृत कृषिमा रमाउँदै आएका छन् । झिमरुक जलविद्युत् आयोजनाको अधिकृत सरहको जागिर छोडेर प्यूठान नगरपालिका १ खैरा निवासी भोजबहादुर बस्नेत आफ्नै कृषि फर्ममा दैनिक खटिने गर्दछन् ।

झिमरुक नदी छेउको जग्गा भाडा लिएर झिमरुक मत्स्य पालन तथा एकीकृत कृषि फर्म सञ्चालन गरेर राम्रो आम्दानी गर्न सफल भएको बस्नेत बताउँछन् । जागिरबाट राम्रै तलब आए पनि जागिरभन्दा आफ्नै व्यवसाय नै उत्तम रहेको उनले जनाए ।

सुरुमा सामूहिक रुपमा फर्म सञ्चालन गर्दा व्यवस्थापकीय पक्ष कमजोर भएर घाटामा समेत गएको थियो,' बस्नेतले भने-'त्यसपछि मैले एकल लगानीमा व्यवसायिक कृषि कर्म गर्ने सोँच बनाए अनि काम सुरु गरे ।'

हाल ५६ रोपनी जग्गा भाडामा लिएर व्यवसाय सञ्चालन गर्दै आएको उनले बताए । विशेषगरी माछा पालनलाई प्राथमिकतामा राखेका हुँदा ४२ रोपनी जमिनमा माछा पोखरी बनाएको उनी सुनाउँछन् ।

एक बढी करोड लगानीमा

२०७० सालदेखि सुरु गरेको सामूहिक व्यवसाय असफल बनेसँगै बस्नेतले एकल लगानीमा फर्म सञ्चालन गर्ने निर्णय गरेपछि हालसम्मको लगानी एक करोड पुगेको छ । कृषि कर्मलाई सम्मान गर्ने उनले २०७६ सालदेखि एकल रुपमा व्यवसाय सुरु गरेपछि आम्दानी आउन थालेको बताउँछन् ।

बस्नेतले ७ प्रजातिका माछा पाल्दै आएको जनाए । त्यसमध्ये लोकल जातको माछा बढी मात्रमा बिक्री हुने गरेको र १२ वटा ठूला पोखरी रहेको फर्ममा २ वटा पोखरी नर्सरीको रुपमा प्रयोग गरी भुराहरु हुर्काउँदै आएको उनले बताए ।

फर्म सञ्चालन खर्च वार्षिक २० लाख आउने उनको भनाइ छ । पोखरीको क्षमताअनुसार वार्षिक करिब ८० क्वीन्टल माछा उत्पादन हुनु पर्नेमा हाल करिब ६० क्वीन्टलसम्म उत्पादन गर्न सफल भएको उनले जनाए ।

पोखरीको क्षमताअनुसार माछा उत्पादन गर्न सकेमा करिब ४० लाख आम्दानी गर्न सकिने बस्नेतको भनाइ छ । प्यूठानमा दैनिक २ सय के.जी. माछा बाहिरबाट भित्रिने हुँदा यहाँ माछा बिक्री गर्न कुनै समस्या नरहेको उनको अनुभव छ ।

झिमरुक नदीको चिसो पानीमा हुर्कीएका माछाको स्वाद नै फरक हुने भएकाले अधिकांश ग्राहकहरु फर्ममा आएर माछा लैजाने गरेको उनले बताए । तयार भएपछि एक/दुई महिनासम्म पनि माछालाई राख्न सकिने हुँदा बजार नपाउने समस्या समेत नरहेको उनको भनाइ छ । प्राकृतिक विपत्ती बाहेक सामान्य प्राविधिक ज्ञान हुँदा आफूलाई खासै समस्या नआएको अनुभव सुनाउँछन्, उनी ।

दुध उत्पादन पनि सँगसँगै

भोजबहादुरले एकीकृत कृषि प्रणालीलाई व्यवहारमा लागू गरी माछा पालनसँगै गाई, भैंसी, लोकल कुखुरा, हाँस, बुंगुर पालनलगायतलाई उत्पादनमा जोड्दै आम्दानीको स्रोत बढाउँदै आएका छन् । ३ वटा गाई, ३ वटा भैंसी र एउटा राँगो समेत पाल्दै आएको उनले बताए ।

'सिजनमा दैनिक ३५ लिटर दूध उत्पादन गर्ने गरेको छु' कृषक बस्नेतले भने-'दुध सहकारी स्थापना गरी सबैले त्यहाँ संकलन गर्छौं र बजार पठाउने गरेका छौं ।' प्यूठान नगरपालिकाले उत्पादनमा आधारित अनुदानबाट प्रतिलिटर १० रुपैयाँको दरले अनुदान दिँदै आएको हुँदा कृषकलाई थप हौसला मिलेको उनले बताए । 'प्यूठानमा दूध उत्पादनको समस्या हो, बजारको समस्या छैन ।'-उनले भने । जग्गाभाडा अहिले महँगो भएको कारण राज्य दर रेट तोकिदिएमा किसानलाई सहज हुने उनको भनाइ छ । करिब ४ बिघा जग्गा रहेको र एक बिघाको वार्षिक १ लाख भाडा तिर्नु परेको उनको गुनासो छ ।

चार जनालाई रोजगारी

ठूलो फर्म सञ्चालन गर्दा सबै आफैंले गर्न नसकिने बताउँदै उनले कृषि क्षेत्रमा काम गर्ने कर्मचारीको समस्या रहेको बताए । बस्नेतको फर्ममा ४ जनाले दैनिक कामदारको रुपमा काम गर्दै आएका छन् । श्रीमान श्रीमती पनि दैनिक फर्मको काममा खटिने गर्दछन् । बस्नेतले फर्म सुरु गरेदेखि काम गर्दै आएका एक कर्मचारी हुन्, हरि बस्नेत ।

» बाँकी ३ पेजमा

सम्पादकीय

स्वास्थ्यकर्मीको अतुलनीय काम

प्यूठानको एरावती गाउँपालिका-६ काल्ने कि सुत्केरी जीवा विकलाई स्टेचरमा बोकेर धरमपानी स्वास्थ्य चोकीका स्वास्थ्यकर्मीले घरसम्म पुऱ्याएको खबर सबेतिर चर्चा छ । सामाजिक सञ्जालमा तस्विर र भिडियो तथा सञ्चारमाध्यममा यो सकारात्मक कर्मको चर्चा हुनु स्वभाविके हो । स्वास्थ्यकर्मीको काम स्वास्थ्य उपचारमा ध्यान दिने हो । उपचारमा आएका सेवाग्राहीलाई अधिकतम सेवा दिने हो । तर कहिलेकाही पेशागत मर्मभन्दा माथि मानवीयता पनि हुन्छ । धरमपानी स्वास्थ्यचोकीका इन्चार्ज टुकाराम पोखरेलसहितका स्वास्थ्यकर्मीले असल कर्म गरेका छन् ।

काल्नेकी ३० वर्षीया जीवा विक शनिबार बेलुकी धरमपानी स्वास्थ्य चोकी पुगेकी थिइन् । राती सुत्केरी भइन् । उनले छोरी जन्माइन् । भोलीपल्ट उनलाई स्वास्थ्यकर्मीले घर जाने सल्लाह दिए र लगातारको वर्षाले सडक बिग्रेकाले यातायातका साधन चल्न सक्ने स्थिति थिएन् । गाउँमा युवा थिएनन् । अब उनलाई घर पठाउनका लागि आफै स्टेचरमा बोकेर जानु बाहेकको विकल्प भएन् । अनि तयार भए, इन्चार्ज पोखरेल, अहेब मुना केसी, अनमी पार्वता पुन, ल्याब असिस्टेन्ट शान्ता पुन र कार्यालय सहयोगी नमा पोडेल । स्वास्थ्य चोकीदेखि जीवाको घर पुग्न एक घण्टा लाग्यो । बाटेमा पर्ने चुँजाठाटी बजार पर्छ । बजारमा भएका मान्छेले स्वास्थ्यकर्मीले स्टेचरमा सुत्केरी बोकेको रमिते बनेर हेरे । कुनै सहयोग गरेनन् ।

ग्रामीण समाजमा स्वास्थ्यकर्मीले गरेको योगदान अतुलनीय छ । दुर्गम र विकट गाउँमा सर्वसाधारणको स्वास्थ्य उपचारमा अहोरात्र मिहिनेत गरिरहेका ती स्वास्थ्यकर्मीको मनोबल उच्च बनाउन सधैं सहयोग हुनुपर्छ । ती मिहिनेती हातलाई सधैं साथ हुनुपर्छ । राज्यले उनीहरुलाई सम्मानको वातावरण बनाउनुपर्छ । कोभिड महामारीमा स्वास्थ्यकर्मीले गरेको काम प्रशंसनीय छ । स्वास्थ्य संस्थामा सुत्केरी भइसकेपछि उनीहरुलाई सुरक्षित ढंगले घरमा पठाउने र घरमा सुत्केरीको खानपान र सरसफाइ के-कस्तो भएको छ भन्ने निगरानी हुनुपर्छ । सरकारले सुरक्षित मातृत्वलाई ध्यान दिएर कार्यक्रम अघि बढाएको छ । त्यही कार्यक्रमअनुसार हरेक गर्भवती अनुमति प्राप्त स्वास्थ्य संस्थामा सुत्केरी हुनुपर्छ । संस्थागत सुत्केरीको संख्या बढ्दै गए पनि घरमा सुत्केरीको आहार विहार नमिल्दा आमा–शिशु दुबेको स्वास्थ्य जोखिममा पर्ने भएकाले पालिकाहरुले सुत्केरीको अवस्था निगरानी गरेर आहार विहारमा सहयोग गर्न सक्छन् । त्यसो त कतिपय पालिकाले आमा–शिशुको स्वास्थ्यमा ख्याल गर्दै कार्यक्रम चलाएका पनि छन् ।

धरमपानी स्वास्थ्य चोकीका स्वास्थ्यकर्मीको यो कामप्रति सम्मान छ । सधैं स्वास्थ्यकर्मीले यस्ते गरी घर-घरमा सुत्केरीलाई पुऱ्याउन सक्तेनन् । यस्तेगरी, पुऱ्याउने काम गर्ने हो भने अरु बिरामीको उपचार प्रभावित हुन्छ । तसर्थ समाजमा यस्तो मानवीय काम गर्ने पंक्तिले चासो दिनुपर्छ नै, सरकारले पनि सुत्केरीलाई सुरक्षित ढंगले घरमा पुऱ्याउने व्यवस्था मिलाउनुपर्छ । यो कामको नेतृत्व पालिका सरकारले गर्न सक्छन् ।

१५ दशमलव ७९ अङ्कले बढ्यो नेप्से

काठमाडौं । नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक मंगलबार १५ दशमलव ७९ अङ्कले बढेको छ । कारोबारमा परिसूचक शून्य दशमलव ७३ प्रतिशतले बढेर दुई हजार एक सय ५२ दशमलव १४ अङ्कमा पुगेको नेप्सेले जनाएको छ ।

विभिन्न तीन सय १६ कम्पनीका ११ लाख ६६ हजार एक हजार दुई सय आठ कित्ता शेयर रु पाँच अर्ब ५३ करोड ५९ लाख ५८ हजार आठ सय ८५ मा कारोबार भएको छ ।

कारोबारमा गणपति लघुवित्त वित्तीय संस्था र आत्मनिर्भर लघुवित्त वित्तीय संस्थाको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । साथै युद्धभूमि नेपाल हाइड्रोपावर कम्पनीको शेयर मूल्य नौ दशमलव ९१, युनिक नेपाल लघुवित्त वित्तीय संस्थाको नौ दशमलव ७९ र सबैको लघुवित्त वित्तीय संस्थाको शेयर मूल्य नौ दशमलव १५ प्रतिशतले बढेको छ ।

त्यसैगरी सिद्धार्थ इन्भेष्टमेन्ट ग्रोथ स्किम-२ को शेयर मूल्य पाँच दशमलव ४७, नेपाल फाइनान्सको चार प्रतिशत, बोटलर्स नेपाल (बालाजु)को शेयर मूल्य तीन दशमलव २० प्रतिशतले घटेको छ । रासस

दीर्घरोग हो सीओपीडी दम

रोगीलाई पर्न सक्छ मनोसामाजिक समस्या

प्रतिमा गौतम

रोकथामका लागि लुम्बिनी प्रदेश सरकारले गरिबीको रेखामुनी रहेका नागरिकलाई स्वास्थ्य उपचारमा सहायता दिन नीति तथा कार्यक्रमअन्तर्गत बजेट छुट्ट्याएर काम गरेको छ । लुम्बिनी प्रदेश स्वास्थ्य निर्देशनालय दाङका निर्देशक डा. विनोदकुमार गिरीले प्रदेशले २०७७/७८ देखि वार्षिक १ करोड रुपैयाँ छुट्ट्याएर काम गरेको बताउनु भयो । दमका बिरामीलाई एक पटक उपचार गर्न अस्पतालको बिल देखाएर भूक्तानी पाउने कार्यक्रम सञ्चालन गरेको छ ।

कञ्चन गाउँपालिका ५ कि गंगादेवी पौडेललाई सानो-सानो कुरामा पनि पहिलेभन्दा बढी चित्त दुख्ने, पीर पर्ने, रुन मन लाग्ने हुन्छ । दमको औषधि खान थालेको पनि १७ वर्ष हुन थालेको उनी बताउँछिन् । उनी भन्छिन् -'यो औषधि खाँदा खाँदा पनि दिक्क लाग्न थालिसक्यो । चाड पर्व आउँदा पनि कुनै रंग रमाइलो हुँदैन खै आफूले नसको भएर पो हो की, महिना- महिनामा अस्पताल जानु पर्ने, रोग सन्चो होलाभन्दा नयाँ रोग थपिदै जाने ।' गंगा देवीलाई जस्तै धेरैलाई यस्ते समस्याहरुले पिरोल्ने गरेको छ ।

लुम्बिनी प्रादेशिक अस्पतालमा भर्ना भएर उपचार गर्ने बिरामीहरुमा ५औं नम्बरभित्र सीओपिडी दम रोग पर्ने कार्यरत डाक्टर बताउँछन् ।

दम भनेको स्वासप्रश्वाससम्बन्धी दीर्घ रोग हो । यसमा विशेष गरेर चुरोट अर्थात् धुम्रपान गर्ने व्यक्ति, घरभित्र र घर बाहिरको दूषित वातावरण धुवाँमा काम गर्दा पेशागत जोखिमले सीओपीडी दम हुने भएकाले सचेत हुन चिकित्सकहरुले सुझाव दिएका छन् ।

सीओपीडी दम हुने विशेष गरी दुई प्रकारका हुने गर्दछन् । एउटा क्रोनिक ब्रोङ्काइटिस र अर्को इम्फाइसिमा भन्ने हुन्छ । क्रोनिक अब्सट्रक्टिभ पुल्मोनरी डिजिजको छोटकरी नाम सीओपीडी हो ।

सास फेर्न गाह्रो हुने, लामो समयसम्म खोकी लाग्ने, पाकेको खकार आउने, स्याँ स्याँ हुने, छाती भारी हुने दुख्ने दमका लक्षणहरु हुन् ।

त्यस्तै दम बिग्रदै गयो भने सामान्य काम गर्दा, दुई चार पाइला हिड्दा पनि समस्या हुन्छ, बस्दा बस्दै पनि स्वास फेर्न गाह्रो हुन्छ । यसले श्वासनली साँगुरिदै गएर सास फेर्न गाह्रो बनाउने गर्दछ ।

बेला-बेलामा ज्वोरो आउने, हात खुट्टा सुन्निने, ओठ निलो हुने, पेट फूल्लिने, सुत्दा समेत श्वास फुल्लिने हुन्छ ।

धुम्रपान गर्ने र विभिन्न कारणले प्रदूषित हावामा श्वास लिन परिरहेकाहरुले माथि उल्लेखित लक्षण भएका मानिसहरुले स्वास्थ्य संस्थामा गएर आफूलाई दम भए-नभएको पता लगाउनु राम्रो हुने लुम्बिनी प्रादेशिक अस्पताल बुटवलका वरिष्ठ फिजीसियन डाक्टर नन्दु पाठकको सुझाव रहेको छ ।

डाक्टर पाठक भन्छन् -'विभिन्न उमेर समूहका व्यक्तिमा विभिन्न किसिमका दम हुन्छन् । यसमध्ये मुख्य गरी सीओपीडी दम धुम्रपान गर्ने व्यक्तिमा, वायु प्रदूषण (घरभित्र र बाहिरको प्रदूषण)को कारणले हुन्छ । यस्ते कम उमेर समूह र विशेषगरी महिलाहरु, एलर्जीका समस्या भएका व्यक्तिहरुलाई आस्मा दमको समस्या देखिएको छ । समयमा अस्पताल आए आस्मा दम निको पनि हुन सक्छ ।'

दमका जटिलता :

लुम्बिनी प्रादेशिक अस्पतालका फिजिसियन डाक्टर प्रकाश भट्टराईका अनुसार दमका बिरामीले राम्रोसँग ख्याल नगर्ने हो भने अन्य समस्या पनि आउँछन् । दमले मुख्य रुपमा फोक्सोको झिल्लीमा हावा जम्ने हुन सक्छ । फोक्सोमा हावा जमेमा छातीमा प्वाल पारेर हावा झिक्न समेत पर्न सक्छ यसलाई निमोथ्राक्स भनिन्छ ।

दम लागेपछि फोक्सोले श्वास लिने अथवा अक्सिजन शरीरमा पुऱ्याउने काम कम हुन्छ । यसका साथै दमले मुटुलाई पनि असर गर्दछ । मुटुको प्रेसर बढाए हृदयघात हुने सम्भावना हुन्छ । हृदयघात भयो भने मृगौलामा, कलेजोमा समेत असर गर्दछ ।

पेटमा पानी जम्ने र हातखुट्टाहरु सुन्निने, पिसाब कम हुने हुन सक्छ र बिरामी अली होस गुमे जस्तो हुन सक्छ ।

कुनै क्रोनिक ब्रोङ्काइटिस भएका बिरामीहरुमा रगत धेरै बाक्लो हुने र हेमोग्लोबिन धेरै हुने हुन्छ, जसलाई पोलोसाइथिड्न भन्ने गरिन्छ । जसले गर्दा रगत धेरै बाक्लो भएर जम्न सक्ने सम्भावना धेरै हुन्छ । जस्तो दिमाग वा अन्य नलीहरुमा समेत रगत जम्न सक्छ ।

सीओपीडीका बिरामीमा धेरै मनोसामाजिक समस्या पर्ने भएकाले समाज वा व्यक्तिसँग घुलमील गर्न नसक्ने, एकल काटे स्वभावको हुने, डिप्रेसन वा एन्जाइटि समेत हुन सक्छ । पटक-पटक निमोनिया भैरहने हुन्छ ।

रोकथाम

धुँलो धुवाँबाट बच्ने नै हो । विशेष गरी धुम्रपान नगर्ने, यसको विरुद्ध उचित नीतिगत व्यवस्था गरी जनचेतनाको आवश्कता छ । दाउरा गुइँठाको प्रयोग नगर्ने, उद्योगमा काम गर्ने व्यक्ति मास्कको प्रयोग गर्ने गर्नुपर्छ ।

उपचार :

लुम्बिनी प्रादेशिक अस्पतालका फिजिसियन डाक्टर भट्टराईका अनुसार सीओपीडी दम एक पटक भएपछि पूर्ण रुपमा निको हुँदैन । तर पूर्णरुपमा निको नभए पनि विभिन्न किसिमका औषधि प्रयोगबाट केही कम गर्न सकिन्छ । यसमा प्रयोग हुने मुखबाट तान्ने इन्हेलर औषधिप्रतिको बिरामीको नकरात्मक धारणा छ । चिकित्सकले सल्लाह दिँदा पनि लामो समयसम्म प्रयोग गर्दैनन् । यो गलत हो । स्वास्थ्यकर्मीले पनि इन्हेलर औषधिको प्रयोगको तरिकाबारे राम्रोसँग बताउन आवश्यक छ ।

अलिअलि स्याँस्याँ हुनु त बुढेसकालको निसानी हो भने पनि गरिन्छ, यो गलत धारणा हो ।

अलिअलि स्याँस्याँ नभएसम्म, ओठ मुख निलो नभएसम्म वा एक दुई पटक निमोनिया नभएसम्म अर्थात् ढिलो गरी अस्पताल ल्याउने चलन छ । समयमै स्वास्थ्य परीक्षण र उपचार गर्ने हो भने यसबाट हुने जटिलताबाट बच्न सकिन्छ ।

दम वृद्धवृद्धामा मात्रै देखिन्छ भन्ने धेरैको बुझाइ छ, तर यो रोग सबै उमेर समूहको व्यक्तिमा हुने र समयमै दम रोगको पहिचान गरी उपचार गरिएन भने फोक्सो र मुटुजस्ता शरीरका महत्वपूर्ण अङ्ग खराब हुन सक्ने डाक्टर भट्टराईले बताए ।

लुम्बिनी प्रादेशिक अस्पतालका मनोचिकित्सक डाक्टर असिम रेग्मीका अनुसार दीर्घ रोगीहरुले लामो समयसम्म औषधि खाइरहनु पर्ने भएकाले उनीहरुलाई शारीरिक समस्याका साथै मानसिक समस्या पनि बढ्दै जाने बताउनु भएको छ । मनोचिकित्सक डाक्टर रेग्मीले विशेष गरी दमका बिरामीलाई परिवारका सदस्य तथा समाजले पनि विशेष हेरचाहको आवश्यकता पर्ने जानकारी दिनुभयो ।

यसको रोकथामका लागि लुम्बिनी प्रदेश सरकारले गरिबीको रेखामुनी रहेका नागरिकलाई स्वास्थ्य उपचारमा सहायता दिन नीति तथा कार्यक्रमअन्तर्गत बजेट छुट्ट्याएर काम गरेको छ । लुम्बिनी प्रदेश स्वास्थ्य निर्देशनालय दाङका निर्देशक डा. विनोदकुमार गिरीले प्रदेशले २०७७/७८ देखि वार्षिक १ करोड रुपैयाँ छुट्ट्याएर काम गरेको बताउनु भयो । दमका बिरामीलाई एक पटक उपचार गर्न अस्पतालको बिल देखाएर भूक्तानी पाउने कार्यक्रम सञ्चालन गरेको छ । आर्थिक वर्ष २०८१/ ०८२ को नीति तथा कार्यक्रम र बजेटमा पनि यो कार्यक्रमले निरन्तरता पाएको छ ।

नेपालको कुल जनसंख्याको ११ प्रतिशत अर्थात् झण्डै ३० लाख नेपालीमा दम रोग देखिएको छ । विश्व स्वास्थ्य संगठनको दस्तावेजअनुसार यो विश्वमा मानव मृत्युको लागि जिम्मेवार रोगमध्ये छैठौं स्थानमा आउँछ ।

कृषिमा आमूल परिवर्तन जरूरी

सितल कंडेल

नेपाल कृषिप्रधान देश हो भन्ने कुरा बुबा-आमाले स्कुल पढ्दादेखि नै हामीलाई घरमा सुनाउनु हुन्थ्यो । उहाँहरुको पालामा आफ्नो उत्पादनले आफूलाई प्रशस्त खान पुगेर पनि त्यही अनाजलाई बिक्रीवितरण मात्र हैन, छोरा छोरी पढाउनदेखि घर खर्च, चाडबाड सबै धानेको हुन्थ्यो ।

हुन पनि होला त्यही भएर उहाँहरुले दुई हात मुख जोड्न र आफ्नो खर्च धान्नलाई कसैको भर पर्नु पर्ने थिएन । उहाँहरुलाई यति थाहा थियो कि असारमा एक माना रोपियो भने मंसिरमा एक मुरी अर्थात् २० पाथी धान उत्पादन हुन्छ । काम गर्ने बेला अल्छीपना गर्न हुँदैन, आफ्नो बल निकालेर भए पनि कृषि कर्म गर्न सबै जुट्ने चलन थियो । नत्र वर्षभरि धोके परिन्थ्यो । त्यतिबेला नेपालमा अहिलेको जस्तो कृषिमा आधुनिकीकरण भन्ने कुरा थिएन । त्यो शब्द कहीं कतै सुन्नु पनि पाईदैनथ्यो ।

आज नेपालको कृषिमा आधुनिकीकरण भएको भनिएके छ । किसानलाई विभिन्न अनुदान भनेर राज्यबाट बजेट पनि व्यवस्था गरिएको छ । तर, पनि आज किन धान गहुँ, मकै आदि खाद्यान्नमा परनिर्भर भइरहेका छ ? यो सोचनीय र मननीय कुरा छ । नीति निर्माण तहमा बसेका व्यक्तिबाट कहीं कतै गल्ती त भएन ? यसलाई सच्याउन ढिला भइसक्यो । नेपालमा आजकल कस्तो परम्परा बसेको भने ८/१० वटा क्यामेरा लिएर खेतमा जाने अनि नीति निर्माण तहमा रहेका संसाद मन्त्रीहरु यसो कोदाली समातेर कामै गरेका हुन भनेर झल्काउने गरी तस्विर खिच्ने र सामाजिक सञ्जालमा पोष्टाउने गरेको पाइन्छ । धान रोप्नका लागि योग्य बन्न जरुरी छ । खेत बारीमा कम्तीमा पनि ५/७ दिन काम गर्ने व्यक्ति चाहिँ ओझेलमा र बाजागाजा र राज्यका संयन्त्र लिएर हिँडेका व्यक्तिको चाहिँ जताततै गज्जबका तस्विर निस्कने यो के काइदा हो ? सामाजिक सञ्जालमा तस्विर पोष्टाउँदैमा नेपालको कृषि उत्पादन बढ्ने पनि होइन । उत्पादन बढाउन कृषकलाई बेलैमा बिउ, बिजन र मल खाद उपलब्ध गराउन पऱ्यो नि ? कृषि कार्यलाई पनि ठूलो काम हो भनी सम्मान गर्ने वातावरण निर्माण गर्न माथि देखि तलसम्म वैज्ञानिक कृषि प्रणाली बनाउन अहिले अति आवश्यक छ । अझै पनि कृषकलाई बुझ्ने प्रणाली हामीमा छैन । कृषि बारे गहन रूपमा आधारभूत तह देखि सिक्ने सिकाउने प्रणालीको पनि विकास भएको पाईदैन ।

गाउँघरमा कृषकले उत्पादन गरेका वस्तुले पनि राम्रो बजार पाएका छैनन् । कृषिमा यति धेरै बिचौलियाहरुको बिगबिगी छ । किसानहरु मरिमेटेर काम गर्छन् । तर उनीहरुले आफूले उत्पादन गरेको धानदेखि तरकारीसम्मको उचित मूल्य प्राप्त गर्न सक्दैनन् । किसानका खेतबारीमा पुगेर बिचौलियाहरुले उनीहरुको उत्पादनमा मोज मस्ती गरिरहेको पाइन्छ । माना रोपेर मुरी फलाउने कुरा त हरेक वर्ष गरिरहेका छौं, तर व्यवहारमा त्यसको ठिक विपरीत छ । किसानले उत्पादन गरेका वस्तुले बजार सजिले नपाउनु अहिलेको ज्वलन्त उदारहण: दूध किसानहरुको आन्दोलनले पुष्टि गर्छ । अहिले पनि दूध किसानहरुको भुक्तानी भएको छैन ।

एक दिन नुवाकोटका गाउँ घुम्न जाने अवसर मिल्यो । त्यो बेला २० जना जति कृषकसँग कुराकानी भयो । कृषक भन्दै थिए - मैले त यस्तो दुःख कृषि कार्य गरेर पाए, मेरा छोरा छोरीले यो कार्य गर्न नपरोस् भन्ने कामना छ । किन भनि प्रश्न गर्दा, उनीहरुले भने- बेलामा मल उपलब्ध छैन, कृषि मजदुरको अभाव छ । जति हामीले दुःख गरे पनि उत्पादनको उचित मूल्य पाउँदैन । जुनसुकै कार्यको लागि पुरतान्तरण आवश्यक हुन्छ । हामीले जसरी कृषि कर्म गर्न हाम्रा छोरा छोरीलाई लगाउन पनि नसकिने भइयो ।'

किसानका दुःखले भन्छ-कृषिलाई निरन्तरता दिने हो भने भाषण र फोटो खिचाइले त कृषि कार्य दिगो हुने सक्दैन । कृषिलाई अहिलेको विज्ञान प्रविधिसँग जोडेर अगाडि बढाउन नीति निर्माण तहमा बसेकाहरुले विशेष ध्यान दिन जरुरी छ । ५०/६० वर्ष अगाडि पनि नेपाललाई कृषि प्रधान देश भनिन्थ्यो । त्यसलाई पुष्टि गर्ने काम पनि गरिएको थियो । त्यतिबेला नेपाल खाद्यान्नमा आत्मनिर्भर पनि थियो । तर, आज कृषि प्रधान देश कृषिमा आत्मनिर्भर छैन । राम्रो कृषि प्रणाली विकास नगर्दा विदेशी मुद्रा सञ्चितीकरणमा तीव्र ह्रास हुँदै गएको छ । नेपालको रेमिट्यान्सको धेरै हिस्सा हामीले खाद्यान्न किनेर अर्को मुलुकमा बुझाइरहेका छौं ।

नीति निर्माण उदासीन

जब १५ असार आउँछ, तब नेतादेखि शासकहरुको लर्को खेतबारीमा देख्न पाइन्छ । मुलुकमा किन आज किसानहरुले बेलामा मल र बिउ पाउँदैनन् ? र उत्पादन गरेका वस्तु बजारमा लान सहजे सक्दैन भन्ने कुराका बारेमा कहिल्यै बहस र छलफल हुँदैन । किसानका बारेमा चुनाव आउने बेलामा सबै राजनीतिक दलहरुले ठूला-ठूला कुरा आफ्ना घोषण पत्रमा राख्ने गरेका पाइन्छ ।

किसानका दुःखका बारेमा राजनीतिक नेतृत्वहरुले किसानहरुलाई बोलाएर, खेतबारीमै गएर उनीहरुका दुःख निराकरण गर्ने बारेमा बहस भएको पाईदैन । नेपालका पत्रपत्रिका, रेडियो, टेलिभिजन र अनलाइन पत्रपत्रिकामा असार १५ का दिन भने नेताहरु तछाड-मछाड गर्दै खेत रोपिरहेका दृश्य देख्न पाइन्छ । किसानका दुःख राम्रोसँग बुझेकाहरुले खेतमा गएर रोपाइँ गर्नुको सट्टा कार्यालयभित्रै धान रोपेका तस्विरहरु हामीले देख्न सक्छौं ।

केही वर्षअघि धान रोपेको नाटक गर्दै मन्त्रीले नै रोपारलाई समाउन जाने हर्कत गरेको पनि नेपालीहरुले देखि सकेका छन् । किसानका मल र बिउका समस्याका पहाडलाई किनारा लगाउन तिर नलागि हरेक वर्ष नेता, मन्त्री, प्रधानमन्त्री र राष्ट्रपतिले धान रोपेको जतिसुकै प्रचार गरे पनि कृषि प्रणालीमा आमूल परिवर्तन नगरेसम्म नेपाल कृषिमा आत्मनिर्भर बन्न सक्दैन । (राजो पाटीबाट)

बाढीको त्रासमा भूजीखोलाका बाढीपीडित

ढोरपाटन (बागलुङ) । चार वर्ष अगाडि भूजीखोलामा आएको बाढीमा परी आफन्त गुमाएका स्थानीय रातको समय अलि ठूलो वर्षा हुँदा राम्रोसँग निदाउन सक्दैनन् । विसं २०७७ भदौ १७ गते राति ढोरपाटन नगरपालिका-८ र ९ स्थित भूजीखोलामा आएको बाढीले ३८ जनाको ज्यान लिएको थियो । बाढीमा १५ जना अझै बेपत्ता छन् ।

पीडितले जसोतसो घर बनाएर बसे पनि बाढीको त्यो त्रास भने बिर्सिन सकेका छैनन् । बाढीले भूजीखोला किनारका एक सय ३१ घर बगाएको थियो । बाढीमा आफन्त गुमाएकाहरूको पीडा अहिलेसम्म पनि मत्थर हुनसकेको छैन । आफन्तसँगै बस्ने बास र खाने गास गुमाएकाले राज्यबाट पाउनुपर्ने सहयोग नपाएको गुनासो गर्दै आएका छन् ।

ढोरपाटन नगरपालिका-९ का बाढीपीडित कुलबहादुर विक ऋण धन गरेर घर बनाए पनि आफन्त बिर्सिन नसकेको बताउँछन् । बाढीले उनको घर, जग्गासहित २२ वर्षीय जेठो छोरा, २१ वर्षीया बुहारी, १८ वर्षीया छोरी र चार वर्षकी नातिनी बगाएको थियो । बाढीले भएभरको सम्पत्ति बगाइदिएपछि लामो समय आफन्तकामा बसेको भन्दै अहिले सामान्य घर बनाएर बस्न थालेको उनी सुनाउँछन् । अलि ठूलो वर्षा हुँदा रातभर जाग्राम बस्ने गरेको उनी बताउँछन् ।

"त्यो बाढीले हाम्रो उठीबास लगायो, लाउँलाउँ, खाउँखाउँ भन्ने बेलाका छोरा, बुहारी, छोरी र नातिनीसँगै सबै सम्पत्ति बगायो, हामी अहिले सुकुम्बासीजस्ता भएका छौं । बर्खा सुरु भयो, कसरी ज्यान बचाउने हो भन्ने चिन्ता लाग्छ, ठूलो पानी पर्यो भने पहिलेको जस्तै बाढी आएर बगाउँछ कि भन्ने डर हुन्छ, त्यही भएर रातभरि निदाउँदैनौं", विकले भने-"बाढी आउँदाको रात हामीहरू गोठमा गएका थियौं, त्यहीं भएर बच्यौं, नत्र हामीलाई पनि बाढीले लैजानेरहेछ ।"

स्थानीय बाढीपीडित निमबहादुर विश्वकर्मा बाढीले आफन्तसहित भएभरको सम्पत्ति बगाइदिएको बताउँछन् । बाढीले निमबहादुरको २५ वर्षीया श्रीमती, नौ वर्षीय जेठो छोरा, दुई वर्षीय माइलो छोरा र २२ दिनको कान्छो छोरासहित सबै बगाएको थियो । उनी परिवारका सबै सदस्य बाढीमा परेपछि एक्लो बनेका थिए । बाढी आउँदाको रात आफू ढोरपाटन गएको हुँदा आफ्नो ज्यान बँचेको उनले जनाए । आफू ठूलो समस्यामा पर्दा पनि राज्य तहबाट सहयोग नभएको उनको गुनासो छ । ढोरपाटन नगरपालिकाका उपप्रमुख धनबहादुर कायत नगरपालिकाको सीमित स्रोत र साधानबाट पीडितलाई सहयोग गरिएको बताउँछन् । विसं २०७७ को बाढीले ढोरपाटनमा ठूलो मानवीय क्षति पुर्याएको भन्दै यस वर्ष पनि वर्षा सुरू हुन लागेसँगै प्राकृतिक विपत्तिबाट बच्न तटीय क्षेत्रका स्थानीयलाई सचेत रहन आग्रह गरिएको उनले जनाए । भौगोलिक कठिनाइका कारण धेरै नागरिक अव्यवस्थित रूपमा बस्दै आएको हुँदा त्यसको व्यवस्थापनमा नगरपालिकाले योजना बनाइरहेको उपप्रमुख कायत बताउँछन् ।

व्यवस्थित छैनन् ग्रामीण सडक

एक दशक अगाडिसम्म बागलुङको अधिकांश गाउँमा सडकको पहुँच पुगेको थिएन । जब स्थानीय तह स्थापना भए, त्यसपछि बस्तीसम्म सडक पुर्याउने लहड सुरू भयो । पालिकाहरूले नागरिकको आवश्यकता र मागका आधारमा सबै ठाउँमा सडक विस्तार गर्दै गए । गाउँगाउँसम्म पुगेको सडक भने गुणस्तरीय भने नभएका स्थानीय बताउँछन् । हिउँदमा जसोतसो सञ्चालन हुने सडक बर्खाको करिब पाँच महिना ठप्पै हुन्छन् । बिना इञ्जिनियरिङ र अव्यवस्थित रूपमा निर्माण भएका सडकले वातावरणसँगै बस्तीमा समेत नकारात्मक असर पुर्याएको निसीखोला गाउँपालिका-२ का नरबहादुर जिसीले बताए । उनका अनुसार हिउँदमा निर्माण भएका सडक बर्खामा कामै नलाग्ने गरी भत्किने गरेका छन् ।

गाउँमा चार वर्ष अगाडि सडक पुगे पनि साँघुरो र अप्ठ्यारो हुँदा र सामान्य वर्षा पनि गाडी नगुड्ने जिसीले जनाए । सडक निर्माण गर्दा नापजाँच नगरी अव्यवस्थित रूपमा बनाइएकाले समस्या भएको उनको भनाइ छ । गाउँमा सडक आउँदा स्थानीय खुसी भए पनि अहिले आवागमनमा समस्या हुँदै आएको भन्दै सडक हिउँदमा पनि सञ्चालन हुने गरी पुनः निर्माण गर्नुपर्नेमा उनले जोड दिए ।

तमानखोला गाउँपालिका-६ नर्जाखानीका प्रेमबहादुर छन्त्यालले अव्यवस्थित सडकका कारण बर्खाका बस क्षेत्रका हजारौं नागरिकले सास्ती खेप्नुपरेको सुनाए । ठूलो वर्षा हुँदा चितिकै खोलामा गाडी तर्न नसक्ने र सडक सबै भत्किने हुँदा बजारबाट सामान ओसारपसार गर्न कठिन हुने उनले बताए । उनले भौगोलिक विकटता र अव्यवस्थित सडकले सुविधाभन्दा बढी समस्या हुने गरेको बताए ।

"अव्यवस्थित रूपमा बनेका सडकले सुविधाभन्दा सास्ती दिएका छन् । बर्खामा गाडी सञ्चालन हुँदैनन् । गाउँमा कोही बिरामी पर्यो भने डोकोमा बोकेर अस्पताल पुर्याउनुपर्ने बाध्यता छ", छन्त्यालले भने-"भूगोल नमिलेका कारण सडक व्यवस्थित हुनसकेको छैन, बर्खामा बजारबाट सामान ल्याउन र यात्रा गर्न निकै सकस हुन्छ ।"

तमानखोला गाउँपालिकाका अध्यक्ष जोकलाल बुढामगरले सबै बस्तीमा सडक पुर्याइएको भन्दै यथाशीघ्र स्तरोन्नति गरी व्यवस्थित बनाउने योजना रहेको जानकारी दिए । सीमित स्रोत साधानका कारण तत्काल सडक व्यवस्थित बनाउन नसकेको उनले जानकारी दिए । नर्जाखानी, विश्वबनलगायत केही गाउँमा बाहेक अन्य ठाउँमा बर्खाको समयमा पनि यातायात सञ्चालन हुने गरी सडकलाई व्यवस्थित बनाउन थालिएको अध्यक्ष बुढामगरले बताए । रासस

रामग्रामका महिलालाई सहुलियत दरमा स्वास्थ्य सेवा प्रदान

नवलपरासी । पश्चिम नवलपरासीमाकोरामग्रामनगरपालिकाले नगरभित्रका महिलाको स्वास्थ्य उपचार सहुलियत दरमा गर्दै आएको छ । चालु आर्थिक वर्ष ०८०/८१ मा महिला लक्षित विभिन्न कार्यक्रम सञ्चालन गरी महिलाको स्वास्थ्य चेकजाँच र उपचारमा सहुलियत दिने गरेको नगरप्रमुख धनपत यादवले जानकारी दिए ।

नगरपालिकाले गर्भवतीका लागि निःशुल्क रूपमा भिडियो एक्स-रे, एम्बुलेन्स सेवा, पोषण झोला वितरण, महिला स्वास्थ्य स्वयंसेविकालाई स्वास्थ्य बिमा, घरदैलोमा नै पुगेर स्वास्थ्य परामर्श र सामुदायिक विद्यालयका छात्रालाई स्यानेटरी प्याड वितरणजस्ता काम गरेको उनले बताए । "नगरपालिकाले घरदैलो भिडियो एक्स-रे कार्यक्रमअन्तर्गत नगरभित्रका आठ स्थानबाट गर्भवतीको निःशुल्क अल्ट्रासाउन्ड सेवा र निःशुल्क क्याल्सियम चक्की वितरण गरेको छ । चालु आवमा आठ सय ८२ जनालाई सोसेवा प्रदान गरेको छ ।"-नगरप्रमुख यादवले भने ।

यस्तै नगरपालिकाले चालु आवमा ४४ गर्भवतीलाई निःशुल्क एम्बुलेन्स सेवा प्रदान गरेको र २३ जनालाई थप उपचारका लागि अन्यत्र पठाएको छ । स्वास्थ्य शाखाकानुसार गत वर्ष छ सय १९ गर्भवती र दुई सय ७६ सुत्केरी गरी आठ सय ९५ जनालाई पोषण झोला वितरण भएको थियो ।

रामग्राम नगरपालिकाले चालु आवदेखि सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाका लागि निःशुल्क स्वास्थ्य बिमा पनि गरिदिएको जनस्वास्थ्य निरीक्षक सुरज हरिजनले जानकारी दिए । घरमै पुगेर सुत्केरी आमा र बच्चाको जाँच तथा परामर्श, विद्यालय स्वास्थ्य शिक्षा, कुपोषित बालबालिका, कुष्ठरोगी तथा क्षयरोगका बिरामीको खोजपडताल कार्यक्रम सञ्चालन गर्दै आएको पनि उनले बताए । यसैगरी सामुदायिक विद्यालयमा अध्ययनरत छात्राका लागि निःशुल्क स्यानेटरी प्याड वितरणकार्य भइरहेको नगरपालिकाले जनाएको छ ।

स्वास्थ्य संस्थामा मृत्युदर न्यून गर्न स्वास्थ्यकर्मीलाई तालिम

खजुरा (बाँके) । स्वास्थ्य संस्थामा मृत्युदर न्यून गर्न चिकित्सक तथा स्वास्थ्यकर्मीलाई 'आकस्मिक आधारभूत स्वास्थ्य सेवा' सम्बन्धी तालिम प्रदान गरिएको छ ।

प्रभावकारी स्वास्थ्य सेवा व्यवस्थापन गरी स्वास्थ्य संस्थामा मृत्युदर घटाउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशअन्तर्गत १२ जिल्लाका २४ जना अस्पतालका चिकित्सक, नर्स, स्वास्थ्यकर्मीलाई पाँचदिने तालिम प्रदान गरेको हो ।

नेपालगञ्जमा हालै आयोजित आयोजित तालिममा अस्पतालमा आकस्मिक सेवा कसरी व्यवस्थापन गर्ने, बिरामी आउनेबित्तिकै रोग तथा समस्याको पहिचान तथा निदान कसरी गर्ने, तत्कालको उपचार कसरी गर्ने, महामारी तथा विपद्को समयमा जटिल किसिमका आउने बिरामीको पहिलो उपचार कसरी गर्ने र आकस्मिक एकाइको व्यवस्थापन लगायतका बारेमा क्षमता अभिवृद्धि गरिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले बताए ।

उनका अनुसार यस क्षेत्रमा रहेका अस्पतालमा सबभन्दा पहिले आकस्मिक सेवामा आउने बिरामीको निदान तथा उपचार विधि र हेरचाह गर्नेबारेमा त्यहाँ रहेका चिकित्सक र स्वास्थ्यकर्मीको भूमिकालाई प्रभावकारी बनाउन तालिम दिइएको हो । अस्पताल तथा स्वास्थ्य संस्थाका आकस्मिक कक्षमा आउने जटिल समस्याका बिरामीको मृत्युदर उच्च रहेको बताइएको छ ।

"बिरामीको रोगको निदान तथा समयमा उपचार नपाएर मृत्यु हुने समस्यालाई अन्त्य गर्न जनशक्तिलाई दक्ष बनाइएको छ", उनले भने-"यो तालिमपश्चात् जनशक्तिले अस्पतालमा गएर आफ्नो व्यवहारमा परिवर्तन ल्याउने छन् भने अन्य स्वास्थ्यकर्मीलाई पनि सिकाइ हुनेछ ।"

मन्त्रालयले विगत तीन वर्षदेखि यो तालिम प्रदान गर्दै आएको छ । अहिलेसम्म आठ सय ११ जनालाई तालिम प्रदान गरिसकिएको मन्त्रालयले जनाएको छ । तालिमपश्चात् आफ्नो अनुभव सुनाउँदै डोल्पा अस्पतालका डा.आकर्षण तिमिल्सिनाले आकस्मिक आधारभूत स्वास्थ्य सेवा व्यवस्थापनमा ज्ञानको दायरा बढाएको जानकारी दिए ।

उनले भने-"प्रभावकारी स्वास्थ्य सेवा व्यवस्थापन गर्दै सेवा प्रवाहलाई चुस्त बनाउन समय समय तालिम सञ्चालन गर्दै जानुपर्छ ।" तालिममा सिकेका कुरालाई अस्पतालका अन्य चिकित्सक तथा स्वास्थ्यकर्मीलाई पनि सिकाउँदै आकस्मिक स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउने प्रतिबद्धता उनले जनाए ।

तालिमको समापन समारोहमा राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रका खगेन्द्र पक्षेनी, भेरी अस्पताल नेपालगञ्जका मेडिकल सुपरिटेन्डेन्ट डा. पवनजंग रायमाझी, प्रशिक्षक डा. अरविन्द शाक्यलगायतले स्वास्थ्य संस्थामा बिरामी आउनसाथ प्रभावकारी स्वास्थ्य सेवा प्रवाह र उनीहरूको हेरचाहमा विशेष ध्यान दिन आग्रह गरे ।

उनीहरूले बिरामीको रोगको निदानको अभाव हुन नदिन र समयमै उपचार प्रदान गर्नुपर्ने बताए । तालिमको यो ११औं 'ब्याच'मा २४ जनालाई तालिम प्रदान गरिएको हो । तालिमका लागि विश्व स्वास्थ्य संगठन, अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) लगायतको आर्थिक एवं प्राविधिक सहयोग गरेका थिए । रासस

व्यापार संघमा नेतृत्व विकास एवं क्षमता अभिवृद्धि तालिम

बुटवल । रुपन्देही व्यापार संघअन्तर्गत महिला उद्यमी वस्तुगत उपसमितिको आयोजनामा नेतृत्व विकास एवं क्षमता अभिवृद्धि तालिम सम्पन्न संघअन्तर्गतको महिला उद्यमी वस्तुगत उपसमितिले नियमित कार्यक्रमअन्तर्गत महिला व्यवसायीहरूलाई लक्षित गरी उक्त तालिमको आयोजना गरेको हो ।

तालिमको शुभारम्भ गर्दै संघका वरिष्ठ उपाध्यक्ष प्रकाश ढकालले व्यवसाय प्रवर्द्धनका लागि व्यवसायिक रणनीति जरुरी रहेको हुँदा यस प्रकारका तालिमहरूले सहयोग पुर्याउने विश्वास व्यक्त गर्दै व्यवसायमा रहेका हरेक चुनौतीहरूको सामना व्यवसायिक मर्यादामा गर्न सकिएमा सफलता प्राप्त हुने धारणा राखेका थिए ।

उनले संघले आफ्ना सदस्य व्यवसायीहरूको क्षमता

अभिवृद्धिका लागि आवश्यकताअनुसार तालिम गोष्ठी, प्रशिक्षणहरू आयोजना गर्दै आएको स्मरण गराउँदै तालिममा सिकेको सीपलाई व्यवहारमा उतार्न आग्रह गरेका थिए ।

वर्तमान परिस्थितिमा व्यवसाय सञ्चालनमा व्यवहारिक ज्ञान र सीपको विकास गर्नेतर्फ ध्यान दिन नसकेमा प्रतिस्पर्धी बन्न नसक्ने बताउँदै लक्ष्यविहीन व्यवसाय सफल हुन नसक्ने हुँदा व्यवसायको लक्ष्य निर्धारण गरेर अगाडि बढ्न सबैलाई आह्वान उनले गरेका थिए । कार्यक्रममा संघका सह-सचिव प्रकाशराज पौडेलले व्यवसायमा चुनौती हुनु ठूलो कुरा होइन तर चुनौतीको सामना गर्ने योजना बनाउन नसकेमा असफलता हात लाग्ने हुँदा त्यसमा ध्यान दिन सुझाव दिएका थिए ।

संघअन्तर्गतको महिला वस्तुगत उपसमिति संयोजक लक्ष्मी भट्टराईको अध्यक्षता, सचिव सरिता नेपालको सञ्चालनमा भएको कार्यक्रममा प्रमुख प्रशिक्षक मुकुन्द ज्ञवालीले सहजीकरण गरेका थिए । कार्यक्रममा विभिन्न उपसमितिहरूमा आबद्ध ५० जना महिला उद्यमीहरूको सहभागिता रहेको थियो ।

बुटवल...

यातायात व्यवस्था कार्यालयको सबै रेकर्ड पहिले ढड्डाप्रणालीमा हुन्थ्यो । अहिले इलेक्ट्रिक ड्राइभिङ लाइसेन्स एण्ड भेहिकल रजिष्ट्रेसन सिस्टममा लागू गरिएको छ । कर्मचारीले बिचौलियासँग मिलेर डिजिटल सिस्टममा फर्जी इन्ट्री गरेर विवरणलाई स्वीकृत गरेको प्रहरीले अनुसन्धानका क्रममा फेला पारेको थियो ।

प्रहरीले अनुसन्धानको क्रममा तत्कालीन प्रमुख अर्यालकै कम्प्युटरबाट गलत तथ्याङ्क इन्ट्री गरेको खुलेकोले सेटिङमा सबै काम भएको बताएको छ । उनको युजर आइडी प्रयोग गरेर कम्प्युटर अधिकृत आचार्यले गलत तथ्याङ्क इन्ट्री गरेको अनुसन्धानमा संलग्न अधिकारीहरुले बताएका छन् । बुटवलमा फर्जी तथ्याङ्क इन्ट्री गरेपछि स्मार्ट कार्ड नवीकरण गर्नुअघि चितवन र धनुषामा बायोमेट्रिक गराइएको थियो । मुद्दा दायर भएका सहायक कम्प्युटर अपरेटर लम्सालले चितवनमा र साहले यातायात व्यवस्था कार्यालय जनकपुरमा बायोमेट्रिक गराएका थिए । विद्युतीय अभिलेखमा फर्जी तथ्याङ्क इन्ट्री गरेको हुनाले उनीहरूलाई लिखत सम्बन्धी कसुरमा मुद्दा दायर भएको छ ।

यातायात व्यवस्था विभागबाट वितरण भएको १ लाख २ हजार नक्कली लाइसेन्सबारे सीआइबीले अनुसन्धान गरिरहेको छ । यो समूहले ट्राफिक प्रहरीको कारवाहीबाट यातायात कार्यालय ल्याइएका लाइसेन्सहरूको कीर्ते गरी सोही नम्बरमा अर्को लाइसेन्स जारी गर्दै बिक्री गरेको प्रमाण भेटिएपछि अनुसन्धान थालिएको हो । यसअघि यातायात व्यवस्था विभागको प्रिन्ट शाखमा कार्यरत बिर्जुकुमार चौधरी, आइटी शाखाका पूर्वकर्मचारी बसन्त पाण्डे, लजारस सुनार र मिलन बाँस्तोला पक्राउ भइ उनीहरूविरुद्ध मुद्दा दायर भएको छ । यसअघि सीआइबीले सुरज प्रकाश अर्याल, हरिश भट्ट र नारायणप्रसाद पाण्डेलाई पक्राउ गरी मुद्दा दायर गरिसकेको छ ।

मंगलबार मुद्दा दायर भएका अर्यालसहितले ३ सय नक्कली लाइसेन्स वितरण गरेको प्रमाण अदालतमा पेश भएको छ । यातायात व्यवस्था विभागले उपसचिव मुकेश रेग्मीको संयोजकत्वमा गठित समितिले ८ वर्षयता १ लाखभन्दा बढी नक्कली लाइसेन्स जारी भएको प्रतिवेदन तयार गरेको छ ।

लुम्बिनीको...

बजेट तर्जुमा गर्ने बेलामा जनताको आवश्यकताको पहिचान नगरी हचुवाको भरमा परियोजनाहरु छनोट हुने गरेका छन् । यसका साथै अहिले पनि असारे विकासको परम्परा छ,' उनले भने-'यसकारणले पनि आर्थिक वर्षसकिँदासम्मको अवस्थामा बजेट खर्च न्युन रहेको पाइन्छ ।' आर्थिक वर्षको समाप्तीको अन्तीम दिनसम्म १८ प्रतिशत भुक्तानी हुनु सकारत्मक पक्ष नभएको उनको भनाइ छ ।

आर्थिक वर्षको अन्तिममा खर्च हुनु राम्रो नभएको तर यसरी खर्च भएको सबै रकम अन्तिममा काम भएर भुक्तानी भएको मात्रै नभएको प्रदेश लेखा नियन्त्रक दिपक ज्ञावलीले बताए । 'आर्थिक वर्षको अन्तिममा धेरै खर्च हुनु राम्रो त होइन । तर सबै खर्च अन्तिममा काम भएर मात्रै खर्च भएको भन्ने चाहीं बुझ्नु हुँदैन,'- उनले भने-'पहिला नै काम भएर बजेटको रकमान्तर रोकिएकाले अन्तिममा बजेटको रकमान्तर हुँदा भुक्तानी धेरै देखिएको हुन सक्छ ।' आर्थिक अनुसन्धान केन्द्रका अध्यक्ष हुमराज भुसालले पनि लुम्बिनीमा पटक पटक भइरहेको सरकार परिवर्तनले बजेट कार्यान्वयनमा ठाडो चुनौती देखिएको बताए । प्रादेशिक अर्थतन्त्र सञ्चालनका लागि राज्यसँग स्पष्ट योजना नहुनु, नीतिगत अस्पष्टता कारणले कर्मचारीको कार्य सम्पादन कमजोर हुनुलगायतका कारणले पुँजीगत खर्च सञ्चालनमा अपेक्षित उपलब्धि नदेखिएको उनी बताउँछन् । आर्थिक वर्षको अन्त्यमा हचुवाको भरमा बजेट खर्च गर्ने परिपाटी रहेकाले नीतिगत रुपमा रोक्नु पर्ने उनले स्पष्ट पारे ।

व्यवसायिक...

साझेदारी व्यवसाय सुरु गर्दा तलब समयमा नपाएपछि काम छोडेर भारत तिर लागेको बताउँदै भोजबहादुरले एकल रुपमा व्यवसाय सम्हालेसँगै आफू पुनः फर्केर आइ फर्ममै काम सुरु गरेको बताए ।

'गाई भैंसी दुहुने, घाँसपात गर्ने, दानापानी गर्ने सबै काम गर्छु,' उनले भने-'काम गरे अनुसार दाम पनि समयमै दिने गर्ने गर्नुहुन्छ यहाँ काम गरेर भरमा सबै घरखर्च धान्ने गरेको छु, साझेदारीमा व्यवसाय गर्दा घाटा गएको थियो र म पनि छोडेर हिँडेको थिएँ, अहिले शर्मा काम गर्नेलाई पनि राम्रो छ साहु लाई पनि राम्रै कमाइ भएको छ ।' सबैले आफ्ना क्षेत्र विभाजन गरी काम गर्ने गरेको उनी बताउँछन् ।

बुटवल सुनचाँदी व्यवसायी संघ
बुटवल, रुपन्देही

मिति: २०८१/०३/२५ को

सुनचाँदीको बजारभाउ

छापा सुन प्रति तोला : १,४४,६००

तेजाबी सुन प्रति तोला : १,४३,९००

चाँदी प्रति तोला : १,९१५

सञ्चार माध्यमको कम्पनीको नाम परिवर्तन गरिएको सूचना

दोस्रो पटक प्रकाशित मिति २०८१/०३/२६

राजकमल मिडिया प्रा.लि.का नाममा प्रकाशित/प्रशारित हुँदै आएकोमा कम्पनीको नाम परिवर्तन गरी सबल लुम्बिनी प्रा.लि. को नामबाट प्रकाशित/प्रसारित हुने जानकारी गराउँदछौं ।

प्रशिक्षक र शिक्षक आवश्यकता सम्बन्धमा

सूचना प्रकाशित मिति: २०८१/०३/२६

प्रस्तुत विषयमा प्रतापपुर गाउँपालिकाको मिति २०८१ / ०३ / २३ गतेको प.सं. २०८० / ०८१ च.नं. ३१०० तथा विद्यालय व्यवस्थापन समितिको मिति २०८१ / ०३ / २४ गतेको निर्णयानुसार यस विद्यालयमा तपसिल बमोजिमको तह र पदमा प्रशिक्षक, सहायक प्रशिक्षक तथा शिक्षक पदपूर्तिको लागि योग्य नेपाली नागरिकबाट दरखास्तको लागि आह्वान गरिन्छ ।

तपसिल

विज्ञापन नं.	१३-२०८०/०८१	१४-२०८०/०८१	१५-२०८०/०८१
पद	प्रशिक्षक	सहायक प्रशिक्षक	शिक्षक
विषय	Electrical	Electrical	अर्थशास्त्र
संख्या	१	१	१
न्यूनतम शैक्षिक योग्यता	Bachelor of Engineering (Electrical)	10+2 (Electrical)	सम्बन्धित विषयमा स्नातकोत्तर उत्तीर्ण वा सो सरह(MBA/MBS)
नियुक्तिको किसिम	मा. वि. अस्थायी करार (तृतीय श्रेणी सरह) (९-१२ प्राविधिक धार तर्फ)	नि.मा.वि. अस्थायी करार (तृतीय श्रेणी सरह) (९-१२ प्राविधिक धार तर्फ)	मा.वि. (९-१२) निजी करार
दरखास्त दस्तुर	रु.१५००/- (एक हजार पाँच सय)	रु.१०००/- (एक हजार मात्र)	रु.१०००/-(एक हजार मात्र)

परीक्षाको किसिम :लिखित, प्रयोगात्मक र अन्तर्वार्ता उमेरको हद:४० वर्ष ननाघेको ।

तलब स्केल:प्रशिक्षक / सहायक प्रशिक्षक पदको लागि नियमानुसार र निजी करारको लागि वि.व्य.स. निर्णयानुसार

दरखास्त दिने अन्तिम मिति:२०८१ / ०४ / ०९ गते बुधबार ४:०० बजे सम्म

सम्पर्क मिति:२०८१/०४/१० गते बिहीबार परीक्षा मिति:सम्पर्क मितिको दिन तोकिने छ ।

आवश्यक कागजातहरु: क) हस्तलिखित निवेदन ।

ख) नेपाली नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि । ग) न्यूनतम शैक्षिक योग्यताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।

घ) निरोगिताको प्रमाण पत्र । ङ) अनुभवको प्रमाण पत्र ।

च) विज्ञापन नं. ०२/०८१ को लागि नेपाल इन्जिनियरिङ परिषद्को प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

छ) विज्ञापन नं. १५-२०८० / ०८१ को लागि अध्यापन अनुमतिपत्रको प्रमाणित प्रतिलिपि ।

त्रिभुवन माध्यमिक विद्यालय
प्रतापपुर गाउँपालिका-९, बेलाटारी, नवलपरासी (ब.सु.प.)

ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ्ग खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्क: **सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्क: **तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?

हामी तपाईको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।

क्षेत्र: लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी

विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

झोलुङ्गेपुल हेर्न आउनेको घुइँचो:
गुल्मीको रेसुङ्गा नगरपालिकास्थित सदरमुकाम तम्घास बजार नजिकै निर्माण गरिएको ३५७ मिटर लम्बाइ रहेको झोलुङ्गेपुल हेर्न आएका सर्वसाधारण। उक्त पूल निर्माण भएपछि यहाँ घुम्न र पूल हेर्न आउने आन्तरिक पर्यटकको संख्या दिन प्रतिदिन बढ्दो छ। तस्बिरः जनार्दन घिमिरे/रासस

नाबालक छोरासहित हराएकी महिला भुटानमा बन्दी

जानकी (बाँके)। बाँकेको बैजनाथ गाउँपालिका-७ का गणेश ठकुरीकी श्रीमती तीन महिनाअघि माइत जान्छु भनेर चार वर्षीय छोरासहित घरबाट हिँडिन। श्रीमती केही समयमै सम्पर्कविहीन भए पनि माइतमै होलिन् भनेर ठकुरी ढुक्कजस्तै थिए, तर जति गर्दा पनि सम्पर्क नभएपछि रोजगारीका लागि भारतमा रहेका ठकुरी चार दिनमै नेपाल फर्केर सोधिखोजीमा लागे। यतिञ्जेलसम्म उनकी श्रीमती भुटानमा बेचिइसकेकी थिइन। यसबारे जानकारी पाएपछि उनी छाँगाबाट खसेजस्तै भए।

"गत वैशाख ५ गते माइत जान्छु भनेर चार वर्षीय छोरासहित श्रीमती घरबाट निस्किएकी थिइन्। माइत पुगेर फोन गरिनन्, मैले गर्दा पनि सम्पर्क हुनसकेन। त्यतिबेला म रोजगारीका लागि भारत गएको थिएँ। श्रीमती सम्पर्कमा नआएपछि चार दिनमै घर फर्किएर बुझ्दा त श्रीमती र छोरालाई दलालले भुटान लगेर बेचिसकेका रहेछन्।"-ठकुरीले भने।

ठकुरीले दिएको जानकारीअनुसार उनकी श्रीमती जेठानी दिदीसँग घरबाट निस्के पनि नजिकैको मदनचोक बजार पुगेपछि एकाएक सम्पर्कविहीन भएकी थिइन। बुझ्दै जाँदा नेपालगञ्जकी रमिला विक नाम गरेकी एक महिलाले ३० हजार भारतीय रुपैयाँमा श्रीमती बेचबिखन गरेको थाहा पाएको उनको भनाइ छ।

"श्रीमती र छोराका बारेमा जानकारी प्राप्त गर्न हामीले फेसबुकमार्फत् हराएको सूचना सार्वजनिक गरेका थियौं। त्यही सूचनाको आधारमा भुटानमा गाडी चलाउने नेपाली सावारी चालक सुरज विकमार्फत् खबर पाएपछि भुटानमा बेचिएको थाहा भयो", गणेशले सुनाए-"सामाजिक सञ्जालमा मेरो अन्तर्वार्ता र फोन नम्बर भेटेपछि उहाँले बन्दी बनाएर राखेको घर नजिकै श्रीमती र छोरालाई देखेको भनेर खबर गर्नुभएको थियो।"

सामाजिक सञ्जालमा राखिएको तस्विरअनुसार सोधीखोजी गर्दा ठेगाना र नामसमेत मिलेको भनेर विकले आफूलाई जानकारी गराएको ठकुरीले बताए। "उहाँलाई श्रीमतीले जतिसक्दो चाँडो उद्धारका लागि पहल गरिदिन र छोराको स्वास्थ्य अवस्था पनि ठीक नभएको खबर गरेकी रहिछन्, त्यसपछि उद्धारका लागि प्रहरी प्रशासनमा धाइरहेका छौं, तर जति प्रयास गर्दा पनि कुनै निकायबाट सहयोग पाएका छैनौं।"-उनले गुनासो गरे। सोही वडाका अध्यक्ष दिनेशकुमार थारुले उद्धारका लागि वडा र पालिकामा खबर गरेको पुष्टि गरे। "यस खबरले हामी पनि चकित भएका छौं। उहाँकी श्रीमती हामीले चिनेकी र राम्रो छवी भएकी महिला हुन्, तर कसरी भुटानमा बेचिनुभयो? हाम्रा लागि पनि खोजी र चासोको विषय बनेको छ", वडाध्यक्ष थारुले भने-"खबर पाएदेखि खोजतलासका लागि चारैतिर पहल गरिरहेका छौं तर सफल भएका छैनौं।"

उद्धारका लागि नेपाल प्रहरी र पालिकाको वैदेशिक रोजगार शाखामार्फत् समन्वय भइरहेको उनले बताए। "वैदेशिक रोजगार शाखा संयोजक धनबहादुर विकसँग समन्वय गरी सबै ठाउँमा सोधपुछ गर्दा भुटानमा रहेको निश्चित भएको छ। अब जतिसक्दो छिटो प्रहरी प्रशासनको सहयोगमा नेपाल फिकाउने प्रयासमा लागेका छौं।"-उनले भने।

इलाका प्रहरी कार्यालय कोहलपुरका निमित्त प्रहरी प्रमुख प्रहरी निरीक्षक देवराज भट्टराईले 'श्रीमती लापत्ता भएको र खोजी गरी पाऊँ' भनि उजुरी प्राप्त भए पनि भुटानमा बेचिएको बारेमा लिखित जानकारी नआएको जनाए। भूटानमा बेचिएको वा बन्दी बनाएको उजुरी आएमा प्रहरीले तदारूकताका साथ सोधिखोजी गर्ने पनि उनले जानकारी दिए। रासस

पाल्पा जिल्लालाई पूर्णखोप दिगोपना सुनिश्चिता घोषणा

कृष्ण पोखरेल
पाल्पा

पाल्पा जिल्लालाई पूर्णखोप दिगोपना सुनिश्चिता घोषणा गरिएको छ। नेपाल सरकारले तोकेका १३ वटा सरुवा रोगहरु विरुद्धका खोपहरु सबै बालबालिकाहरुलाई लगाएपछि पाल्पा जिल्लालाई पूर्णखोप दिगोपना सुनिश्चिता घोषणा गरिएको हो।

लुम्बिनी प्रदेशका सभामुख तुलाराम घर्तीमगरले एक कार्यक्रमका बीच पाल्पा जिल्लालाई पूर्णखोप दिगोपना सुनिश्चिता घोषणा गरेका हुन्। सभामुख घर्तीमगरले, प्रदेशका पूर्वमन्त्री वीरबहादुर राना, प्रदेश सदस्य खेमबहादुर सारुको सहभागितामा जिल्ला खोप समन्वय समितिका अध्यक्ष एवं जिल्ला समन्वय समितिका प्रमुख टंकनाथ खनाल, सदस्य सचिव एवं स्वास्थ्य कार्यालय पाल्पाका प्रमुख डा. राजेन्द्रकुमार गिरीसहितको टोलीलाई लुम्बिनी प्रदेश सरकारबाट प्राप्त पूर्णखोप दिगोपना सुनिश्चिता घोषणाको प्रमाणपत्र दिए।

जिल्ला खोप समन्वय समितिको निगरानीमा स्वास्थ्य कार्यालयको अगुवाइमा प्रत्येक पालिकाको प्रत्यक्ष सहभागितामा कार्ययोजनासहित प्रत्येक वर्षको चैत्र महिनाभित्र बालबालिकाका घर-घरमा पुगी जन्मे देखि १५ महिनासम्म र १६ महिनादेखि ५९ महिनासम्मका बालबालिकाहरुको रोष्टर तयार पारी खोप कार्डको आधारमा कुनै पनि बालबालिका खोप लगाउनबाट नछुटेको प्रमाणित गरेर वडा, पालिका हुँदै जिल्लालाई पूर्णखोप दिगोपना सुनिश्चिता घोषणा गर्ने गरिएको खोप समन्वय समितिका सदस्य सचिव एवं स्वास्थ्य कार्यालय पाल्पाका प्रमुख डा. राजेन्द्रकुमार गिरीले बताए। पाल्पाका १० वटै पालिकाहरुले वैशाख २० गते देखी जेठ ३० गतेसम्म पूर्णखोप दिगोपना सुनिश्चिता घोषणा गरीसकेका थिए। जिल्ला खोप समन्वय समितिले अनुगमन गरेर पाल्पा जिल्लालाई नै पूर्णखोप दिगोपना सुनिश्चिता घोषणा गरिएको हो।

पाल्पा जिल्लामा जन्मेदेखि १५ महिनासम्मका ३३०८ जना बालबालिकामा र १६ महिनादेखि ५९ महिनासम्मका १०५६० जना बालबालिकामध्ये १०५५४ जनामा पूर्णखोप लगाई सुनिश्चिता गरिएको हो। जसमा १६ देखि ५९ महिना उमेरका ६ जना बालबालिका आंशिक रुपमा पूर्ण खोप बाट वञ्चित रहेका छन। उमेर समुहको आधारमा १६ देखि २३ महिनासम्मका २०२५ जना, २४ देखि ५९ महिनासम्मका ८५३५ जना बालबालिकाले पूर्णखोप पाएका छन्।

पूर्णखोप दिगोपन सुनिश्चिता कार्यक्रमको निरन्तरताले कुनै पनि बालबालिकाहरु नेपाल सरकारले प्रदान गरेको १३ प्रकारका सरुवा रोगविरुद्धको खोप कार्यक्रमबाट नछुट्ने, छुटिहालेमा त्यसको खोजविन गरेर पुनः खोप लगाउने अभियानले बालमृत्यु दरको अवस्था न्यूनीकरण हुँदै निर्मूल हुने समितिका अध्यक्ष टंकनाथ खनालले बताए।

लुम्बिनी प्रदेशका सभामुख तुलाराम घर्तीमगरले संघीय सरकारदेखि स्थानीय सरकारसम्म स्वास्थ्य क्षेत्रमा बजेट विनियोजन निकै कम हुने गरेको बजेट जती भौतिक पूर्वाधारमा खन्याउने प्रचलनमा तुरुन्त सुधार गर्नुपर्ने जनाए। राजनीतिक दलका नेता, सरकारका मन्त्री, कर्मचारीहरु भाषणमा स्वास्थ्यलाई राम्रो बनाउने भन्छन्, तर व्यवहारमा नीतिअनुसार काम नगरेको र जसको कारण लुम्बिनी प्रदेशमा मातृमृत्युदर बढेको सभामुख घर्तीमगरले औंल्याए।

घोषणासभामा प्रदेशका पूर्वमन्त्री वीरबहादुर रानाले घोषणा गरिएका कार्यक्रमहरुको दिगोपना सुनिश्चिता हुनुपर्नेमा जोड दिए। पूर्णखोप घोषणासँगै दिगोपना सुनिश्चिता भएजस्तो स्वास्थ्यको अन्य मानवीय हितका कुराहरुमा पनि ध्यान दिन आवश्यक देखिएको प्रदेश सांसद रानाले बताए।

प्रदेश सांसद खेमबहादुर सारुले प्रदेशस्तरमा पाल्पा पूर्णखोप दिगोपना सुनिश्चिता घोषणा गर्ने पहिलो जिल्ला भएकोजानकारीदिए। कार्यक्रममामाथागढीगाउँपालिकाका अध्यक्ष यमबहादुर थिंदी, तानसेन नगरपालिकाका प्रवक्ता यादव सिंह कार्की, महिला स्वास्थ्य स्वयमसेविका जिल्ला सञ्जालकी अध्यक्ष सावित्रा अधिकारी, स्वास्थ्य कार्यालयका अधिकृत लेखनाथ अर्यालगायतले सबैको सक्रियता र सहयोगबाट पूर्णखोप दिगोपना सुनिश्चिता घोषणा भएको बताएका थिए।

नवलपरासी पश्चिम पूर्णखोप सुनिश्चिता तथा दिगोपना घोषणा

केशव पराजुली
नवलपरासी

पश्चिम नवलपरासी जिल्लालाई लुम्बिनी प्रदेशका स्वास्थ्य मन्त्री दिपेन्द्रकुमार पुनले एक समारोहका बीच पूर्णखोप सुनिश्चिता तथा दिगोपना घोषणा गरेका छन्। जिल्लाका १६ देखि ५९ महिनासम्मका २० हजार २ सय २६ जना बालबालिकाहरुमध्ये यस वर्ष घरधुरी सर्वेक्षण तथा खोप र खोप अभियान सञ्चालन गरी १६ देखि ५९ महिनासम्मका १ जना खोपको कुनै पनि मात्रा नलगाएको र २ सय १६ जना बालबालिकाहरुको पहिचान गरी सबैलाई खोपको दायरामा ल्याई खोपको मात्रा पूरा गराएपछि जिल्लालाई पूर्णखोप सुनिश्चिता तथा दिगोपना घोषणा गरिएको स्वास्थ्य कार्यालयका प्रमुख ओमप्रकाश पन्थीले बताए।

जिल्ला खोप समन्वय समितिका अध्यक्ष तथा जिल्ला समन्वय समितिका प्रमुख भगवति यादवको अध्यक्षतामा भएको कार्यक्रममा प्रदेश स्वास्थ्य मन्त्री पुनले जिल्लालाई मंगलबार पूर्णखोप सुनिश्चिता तथा दिगोपना जिल्ला घोषणा गरेका हुन्।

मन्त्री पुनले गास, बास र शिक्षा आम नागरिकको मौलिक अधिकार भएको हुँदा आम नागरिकलाई राज्यले यी कुराबाट वञ्चित गराउन नपाउने बताए। आम नागरिकले स्वास्थ्य उपचार नपाएर बाँच्न नपाउने अवस्थाको अन्त्य भएको बताउँदै मन्त्री पुनले जनताको स्वास्थ्य अवस्था ठीक रहे अस्पताल बनाउन जरुरी नभएकोमा समेत जोड दिए। प्रदेश मन्त्री पुनले हाम्रो सुनिश्चित भविश्यका लागि बालबालिकालाई खोप अपरिहार्य भएको समेत बताए। पहिले हामी सर्ने रोगहरुबाट डराउने र अहिले आएर नसर्ने रोगबाट डराउनु पर्ने अवस्था आएको बताउँदै मन्त्री पुनले नेपालको तराई मधेशमा २०३४ साल पहिले रोगका कारण बसाईसराइ समेत रहेको बताए।

कार्यक्रममा लुम्बिनी प्रदेशका प्रदेश सभासद बैजनाथ कलवार, लुम्बिनी प्रदेशका स्वास्थ्य सचिव वासुदेव उपाध्याय, लुम्बिनी प्रदेशका स्वास्थ्य निर्देशक विनोदकुमार गिरी, सुनवल नगरपालिकाकी नगरप्रमुख विमला अर्याल, प्रमुख जिल्ला अधिकारी स्कीम श्रेष्ठ, नेपाली काँग्रेस नवलपरासीका अप सभापति विक्रम यादवलगायतले जिल्लालाई पूर्णखोप सुनिश्चिता तथा दिगोपना घोषणा गर्न स्वास्थ्य कर्मीहरुले खेलेको भूमिका उल्लेख्य रहेको बताएका थिए।

सटर सहितको घरभाडामा
बुटवल उपमहानगरपालिका वडा नं. ८ सुख्खानगर, भानुपथमा अवस्थित डबलमोडा भएको तिन सटर, एक किचन र दुईवटा शौचालय सुविधा रहेको एक तल्ले घर भाडामा रहेकोले लिन चाहनुहुने महानुभावहरुले सम्पर्क गर्न सक्नुहुनेछ।
सम्पर्क :
९८५७०४३४३२

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस्।
गगन सेनेटरी ९८६७०२१६१४, ९८१५४४७६४८
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
गगन सेनेटरी (२) ९८०४४१३२८७, ९८१२९८६३१७
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधैं हामीलाई सम्झनुहोस्
सम्पर्क:
आइडिया डिजाइनर्स/अफसेट प्रेस
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदुर संघको भवनमा
फोन:-०७१-५५०२९३
मो. ९८५७०३५३६०, ९८४७१२३१५७
E-mail: ideapress@gmail.com

नेपाल सरकारद्वारा मान्यता प्राप्त पश्चिम नेपालको पहिलो बहु विशेषज्ञ दन्त अस्पताल
आले डेण्टल हस्पिटल प्रा. लि.
श्रवणपथ, बुटवल-६, रुपन्देही, नेपाल (भुङ्कीचोक देखि ५० मिटर पूर्व)
071-530108, 532544 dentalhospitalale@gmail.com www.aledentalhospital.com
दाँत, मुख तथा गिजा उपचार केन्द्र

"Healthy Smile, Happy Life" Our Location "स्वस्थ मुस्कान, खुशी जीवन"

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dainiklumbiniadd@gmail.com (Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www.lumbinipatrika.com